प्रस्तावनाः

.............. खानेपानी योजनाको आत्मनिर्भर एवम् दिगो रुपमा सञ्चालन तथा मर्मत संम्भार व्यवस्थापनको लागि आरुघाट गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ को परिच्छेद ८ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी, मिति ......... मा घरधुरिको प्रतिनिधित्व गर्दै (जम्मा लाभान्वित घरसङ्ख्या) .... जना महिला र ...... जना पुरुष सहभागी भई बसेको आमभेलाबाट पारित गरी यो कार्यविधि लागू गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम ".............. खानेपानी उपभोक्ता समितिको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधि, २०८०" रहनेछ ।

ख. यो कार्यविधि मिति २०८०........ (आमभेलाबाट पारित भएको मिति) बाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "समिति" भन्नाले यस उपभोक्ता समितिलाई जनाउँछ ।

ख. "मर्मत सम्भार कार्यकर्ता" भन्नाले यस योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालिम प्राप्त प्राविधिकलाई जनाउँछ ।

ग. "धारा समूह" भन्नाले धाराको पानीको उचित प्रयोग तथा धाराको सामान्य मर्मत सम्भारको लागि सम्बन्धित धाराका उपभोक्ता घरधुरीमध्येबाट गठित महिलाहरुको समूहलाई जनाउँछ ।

घ. "उपभोक्ता" भन्नाले योजना निर्माणमा समेत योगदान गरी धाराबाट पानी उपभोग गर्ने व्यक्ति वा योजनामा निर्माणमा सहभागी नभै निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय बमोजिम समावेश भएको व्यक्तिलाई जनाउँछ ।

ङ. "मर्मत सम्भार कार्ययोजना" भन्नाले योजनाको नियमित रेखदेख, सम्भार तथा मर्मतको लागि उपभोक्ता भेलाद्धारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

च. "पानी सुरक्षा योजना" भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलुस्तरमा पानीको भण्डारण समेतमा हुन सक्ने पानीको प्रदुषणको सम्भावना (जोखिम) लाई अग्रीम रुपमा पहिचान गरी सो हुन नदिनका लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

छ. "आमभेला" भन्नाले खानेपानी योजनाबाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ५० प्रतिशत घरहरुबाट प्रतिनिधित्व भएको तथा जम्मा उपस्थित सङ्ख्याको कम्तिमा ३३% महिला सहभागी भएको भेलालाई जनाउँछ।

परिच्छेद २

समन्वय तथा संस्थागत व्यवस्था

३. समितिमा जम्मा ७ (विधान संशोधान भएमा फेरबदल हुने) सदस्यहरु हुनेछन्, जसमा कम्तिमा ३३% महिलाको सहभागिता अनिवार्य गरिएको छ। साथै योजनाबाट लाभान्वित भएको सबै क्षेत्र, वर्ग तथा जातीय समुदायबाट समितिमा समानुपातिक प्रतिनिधित्व हुनेछ।

४. समितिको बैठक नियमित रुपमा कम्तिमा ३ महिनाको एकपटक बस्नेछ।

५. हरेक वर्ष समितिले उपभोक्ता सदस्यहरुलाई सहभागी गराई वार्षिक साधारण सभा आयोजना गर्नेछ। समितिले उक्त साधारण सभामा वार्षिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पेस गरी सार्वजनिक परीक्षण गराउनेछ।

६. बार्षिक साधारण सभामा समितिको वार्षिक तथा आर्थिक प्रतिवेदन पेस गर्नु अघि समितिको बैठक बसी छलफल गरिनेछ। बैठकद्धारा पारित गरिएको आर्थिक तथा प्रगति प्रतिवेदन आमभेलामा पेस गरी अनुमोदन गराइनेछ। समितिको निर्वाचन वार्षिक साधारण सभाको माध्यमबाट गरिनेछ।

७. सबै बैठक तथा भेलाहरुको निर्ण्य समितिको निर्णय पुस्तिकामा लेखिनेछ।

८. प्रतिवेदनः समितिले योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको बारेमा त्रैमासिक रुपमा वडा कार्यलयमा तथा बोधार्थ आबद्ध भएको सहकारी संस्था र खानेपानी तथा सरसफाई उपभोक्ता सञ्जाल सम्बद्ध शाखाहरुमा पेस गर्नेछ। वार्षिक साधारण सभाको प्रतिवेदनको एक/एक प्रति सम्बन्धित वडा, गाउँपालिका तथा सम्बद्ध संस्थाहरुमा पेस गर्नेछ। समितिले उक्त निकायहरुलाई योजनाको विशेष अवस्थाको बारेमा प्रतिवेदन दिनु परेमा आवश्यक परेको बेलामा उक्त प्रतिवेदन दिनेछ।

९. लेखा व्यवस्थापन तथा दस्तावेजीकरणः समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार कोषको लेखा, निर्णय, मर्मत सामग्री, जगेडा सामग्री, पार्टपुर्जा तथा औजार लगायतका जिन्सी सामग्रीहरुको श्रेस्ता, बैठक निर्णय पुस्तिका, आगन्तुक पुस्तिका लगायतका अन्य खातापाताहरुको व्यवस्थापन चुस्तदुरुस्त रुपमा गर्नेछ। समितिले तोकेको अवधिमा सार्वजनिक परीक्षण तथा सुनुवाई गर्नु पर्नेछ।

१०. समन्वयः समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार कार्यको लागि खानेपानी तथा सरसफाइ उपभोक्ता सञ्जालको सक्रीय सदस्यको रुपमा भूमिका निर्वाह गर्नेछ। उपभोक्ता सदस्यहरुलाई कृषि विकास, भूसंरक्षण तथा अन्य प्राविधिक सहयोगको लागि खानेपानी तथा सरसफाइ उपभोक्ता सञ्जाल लगायतका अन्य विषयगत कार्यलयहरुसँग नियमित सम्पर्क तथा समन्वय कायम गरी सहयोग प्राप्त गर्ने तर्फ पहल गर्नेछ।

११. योजनामा स्थानीयस्तरमा समाधान गर्न नसक्ने गरी समस्य देखा परेमा वडा कार्यलयमा सहयोगको लागि अनुरोध गर्नेछ। वडा स्तरमा समेत समाधान हुन नसक्ने भएमा गाउँपालिकालाई सहयोगार्थ अनुरोध गर्न सक्नेछ।

परिच्छेद ३

योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन

१२.समितिले योजनाको नियमित मर्मत तथा सम्भार गरी योजनाबाट प्राप्त हुने नियमित सेवालाई सुनिश्चित गर्नको लागि एक मर्मत सम्भार कार्ययोजना बनाउनेछ । उक्त कार्ययोजना वार्षिक साधारण सभा वा आमभेलाले सिफारिस गरे बमोजिम नियमित रुपमा अद्यावधिक हुनेछ ।

१३.समितिले तयार गरेको सञ्चालन तथा मर्मत सम्भार कार्ययोजनाको सबै उपभोक्ताहरुले पालना गर्नेछन् । उक्त कार्ययोजना यसै कार्यविधिको एक अंशको रुपमा रहनेछ ।

१४.योजना निर्माण पश्चात योजना क्षेत्रमा बाँकी रहन गएका पाईप, फिटीङ्ग औजार तथा निर्माण सामग्रीहरुमध्ये भविष्यमा योजनाको मर्मत सम्भार कार्यमा आवश्यक पर्न जाने सामग्रीहरु समितिले अलग गरी लगत खडा गर्नेछ । अन्य (भविष्यमा मर्मत सम्भारको लागि प्रयोग हुन नसक्ने) सामग्रीहरु बाँकी रहन गएमा उक्त सामग्रीहरु समितिले बिक्रि गरी आएको रकम मर्मत सम्भार कोषमा आम्दानी बाँध्ने र गाउँपालिकाको निर्णय निर्देशन बमोजिम अन्य योजनाहरुलाई हस्तान्तरण गर्न सक्नेछ । समितिले कम्तिमा वर्षको एक पटक औजारहरुको अवस्था जाँच गरी आवश्यकता अनुसार नयाँ औजारहरुको व्यवस्थापन गर्नेछ ।

१५.समितिले योजनाको लागि आवश्यक पर्ने सबै औजारहरु तोकेको सदस्यको मातहतमा रहने गरी सुरक्षित रुपमा भण्डारण गरी राख्ने व्यवस्था मिलाउने छ । योजना मर्मतको समयमा मर्मत सम्भार कार्यकर्ताले उक्त औजारहरु सम्बन्धित जिम्मेवार व्यक्तिबाट भरपाई गरी बुझिलिई काम सम्पन्न भए पश्चात तुरुन्त भण्डारमा नै दाखिला गर्नुपर्नेछ । लापारवाही गरी औजारहरु हराएमा वा टुटफुट भएमा सम्बन्धित व्यक्तिबाट  समितिले शोधभर्ना लिनेछ ।

१६.समितिले पहिलो पटक प्रत्येक घर धारामा आवश्यक सामग्रीहरु जडान गरी खानेपानी सुचारु गर्नेछ । यसरी पहिलो पटक आवश्यक सामग्रीहरु व्यवस्थापन गर्दा शुल्क लाग्ने छैन ।

१७.समितिले टुटफुट भैरहने वा बदलिरहनु पर्ने पार्टपुर्जाहरुको न्यूनतम मौज्दात जगेडा राख्नेछ । खर्च भैसकेपछि यथासक्य चाँडो उक्त पार्टपुर्जाहरुको पूर्ति गरिनेछ । (समितिले धारामा लाग्ने पार्टपुर्जाहरुको रकम समेत उपभोक्ताबाट उठाउन सक्नेछ ।)

१८.समितिले योजनाको आवश्यक मर्मत सम्भारको लागि आवश्यक पार्टपुर्जाहरु तथा औजारहरु खरिद गर्दा आवश्यक सामग्रीको सूची तयार गर्नेछ । समितिले प्रचलित खरिद प्रकृया अपनाई उक्त सूची अनुसार निर्धारित गुणस्तर बमोजिमको सामान खरिद गर्नेछ ।

१९.समितिले खानेपानी योजनाका धाराहरुको उचित सम्भार तथा सामान्य मर्मतको लागि लाभान्वित घरधुरीबाट एक एक जनाको प्रतिनिधित्व हुने गरी महिलाहरुको भारा समूह गठन गर्न सहयोग गर्नेछ । उक्त समूहले पानीको उचित प्रयोग गर्ने, प्रयोग नभएको अवस्थामा धाराहरु बन्द गर्ने, धारा तथा सो को वरिपरि सरसफाइ गर्ने, धाराको टुटी बिग्रेमा सोको मर्मत गर्ने वासर फेर्ने, योजनाको अन्य सामान्य मर्मत गर्ने तथा घरवारी व्यवस्थापन तथा पूर्ण सरसफाइ प्रबर्द्धनका कार्य गर्नेछ । यसका सथै धारा समूहले पानीको निकास जाने नालीको व्यवस्था गर्ने,

डिजाइनभन्दा बढी पानीको उपयोगमा रोक लगाउने तथा पानीको सही सदुपयोग र संरक्षणको सचेतना जगाउने कार्य गर्नेछ । साथै खेर गएको पानी सङ्कलन गरी घरबारी व्यवस्थापनका कार्यहरु गर्नेछ ।

२०. अनावश्यक रुपमा पानीको अत्यधिक भण्डारण गर्ने, अरु धाराहरुमा असर पर्ने गरी तरकारी/सिँचाई आदिमा प्रयोग गर्न पाइने छैन । तर विशेष अवस्थामा विवाह, ब्रतवन्ध, धार्मिक, साँस्कृतिक कार्यहरुको लागि समितिले अतिरिक्त समयमा रु............ शुल्क लिई वा सित्तैमा पनि पानी उपलब्ध गराउने व्यवस्था गर्न सक्नेछ ।

२१. जरिवानाः समितिले निम्न अवस्थामा उपभोक्ताहरुबाट जरिवाना उठाउने वा अन्य कारवाही गर्न सक्नेछ । यसरी उठेको जरिवाना रकम मर्मत सम्भार कोषमा जम्मा हुनेछ । समिति र मर्मत सम्भार कार्यकर्ताका साथै धारा समूहहरुले योजनाको सदुपयोग गर्न, टुटफुट गर्न नदिनको लागि रेखदेख तथा अनुगमन गर्नेछन् ।

क. धाराको टुटी बिग्रेमा धारा समूहले परल मूल्य तिरी समितिबाट धारा टुटी प्राप्त गर्नेछ । धाराको टुटी बिग्रेको दुई दिनभित्र समितिलाई जानकारी दिएर मर्मत वा नयाँ टुटी फेर्ने कार्य गर्नु पर्दछ । बिग्रेको दुई दिनभित्र उक्त कार्य नगरेमा सो धाराको पानी बन्द गर्न सक्नेछ ।

ख. मिटर जडान गरिएको ठाउँभन्दा भित्र कुनै ठाउँबाट पानी निकाली अनुचित प्रयोग गरिएको पाइएमा धाराको लाइन काटिनेछ । काटिएको लाइन पुनः जडान गर्न धारा समूहले समितिमा आइन्दा यसो नगर्ने प्रतिवद्धता सहित निवेदन दिनुपर्नेछ र समितिले रु......... जरिवाना लिई धारा पुनः जडान गरिदिनेछ ।

ग. कुनै धारामा उक्त धाराको पानीको बहाव नियन्त्रण गर्ने भल्व अनाधिकृत रुपमा चलाई बढी पानी निकालेको पाइएमा वा संरचनाहरुको गेट भल्व लगायत फिटिङ्गसहरु अनाधिकृत रुपमा चलाएको पाइएमा पहिलो पटक रु........, दोस्रो पटक रु..... तेस्रो पटक रु....... जरिवाना गरिनेछ । पटक पटक यस्तो कार्य भएको पाइएमा धाराको पाइप लाइन काटिनेछ । काटिएको लाइन पुनः जडान गर्न धारा समूहले समितिमा आइन्दा यसो नगर्ने प्रतिवद्धता सहित निवेदन दिनुपर्नेछ र समितिले रु..... जरिवाना लिई धारा पुनः जडान गरिदिनेछ । यसरी अनाधिकृत रुपमा फिटिङ्गसहरु चलाउँदा टुटफुट हुन गएमा विगो भराई विगो बराबर थप जरिवाना गरिनेछ ।

घ. समितिको कार्यक्षेत्र भित्रका व्यक्तिले योजनाका संरचनाहरु, तारवार, पोल, गेट आदि भत्काएमा वा नोक्सानी गरेमा वा पाइपलाइन काटेमा समितिले नोक्सानी भए बराबरको विगो भराई विगो बराबरको थप जरिवाना गर्नेछ।

ङ. समितिको कार्यक्षेत्र बाहिरका व्यक्तिहरुले योजनाको संरचनाहरुमा हानी नोक्सानी पु¥याएको पाइएमा समितिले सम्बन्धित वडा वा गाउँपालिका वा अन्य निकायमा उजुरी दिई प्रचलित कानून बमोजिम उक्त नोक्सानीको क्षतीपूर्ति भराई लिनेछ ।

च. समितिले तयार गरी आमभेलाबाट पारित भएको सञ्चालन तथा मर्मत सम्भार कार्ययोजना बमोजिमको जिम्मेवारी सबै सम्बन्धित उपभोक्ताहरुले पालना गर्नु पर्दछ । यदि कसैले उक्त कार्ययोजना पालना नगरेमा वा समितिले आव्हान गरे बमोजिम श्रमदान नगरेमा समितिले प्रतिव्यक्ति रु......... का दरले जरिवाना असुल गर्नेछ।

२२. समितिले इन्टेक/श्रोत संरक्षण तथा वातावरण संरक्षण गर्ने कार्यलाई प्रबद्र्धन गर्नेछ । विशेषतः प्रयोग भएको श्रोतको जलाधार क्षेत्रको संरक्षणमा विशेष ध्यान दिइनेछ । इन्टेकको नियमित सफाइ गर्ने तथा पानीका श्रोत

वरिपरी वृक्षरोपण गर्ने एवं श्रोतको  सुरक्षाका लागि श्रोतभन्दा माथिल्लो धरातलमा रहेका घरपरिवारहरुलाई फोहरको सुरक्षित बिषर्जन तथा शौचालयको प्रयोग गर्ने र श्रोत वरिपरी सफा राख्नको लागि पहल गर्नेछ ।

२३. समितिले श्रोतमा पानीको बहावलाई कायम राख्न पानी पुनर्भरण सम्बन्धी क्रियाकलापहरु प्राथमिकताकासाथ गर्नेछ।

२४.एक पटक पुरिएको पाइप लाइन पुनः धसिने भएकोले समितिले समुदाय परिचालन गरी उक्त पाइपलाइनलाई पुनः पुर्ने र उक्त पाइपलाइन रुटमा घाँस रोप्ने व्यवस्था मिलाउनेछ ।

२५.समितिले पानी पोखरी, च्यामबर, भण्डारण ट्याङ्की तथा अन्य संरचनाहरुको सुरक्षाको लागि टेवा पर्खाल/केतुकी/वाँस आदि स्थानीय प्रजातिका बोटबिरुवा लगाउने र तारबारहरुले सुरक्षा गर्ने कार्यमा उपभोक्ताहरुलाई परिचालन गर्नेछ ।

२६.समितिले सेवा क्षेत्रभित्रको पानीका स्रोतहरु पहिचान गरी स्रोत संरक्षण समानुपातिक वितरण तथा उपभोगमा खानेपानी उपभोक्ताहरुको राय लिई संरक्षण तथा व्यवस्थापन गर्नेछ ।

२७.समितिले योजनाबाट वितरित पानीलाई सुरक्षित गर्नको लागि सबै उपभोक्ताहरुको सहभागितामा पानी सुरक्षा योजना तयार गर्नेछ । उक्त योजना अनुसार जिम्मेवारी पाएका हरेक सदस्य तथा उपभोक्ताले आफ्नो जिम्मेवारी निर्दिष्ट गरिएको समयमा पूरा गर्नुपर्नेछ । समितिले पानी सुरक्षा योजनाको समीक्षा÷अनुगमन एवं संशोधन समितिको बैठक तथा आवश्यकता अनुसार आमभेला मार्फत गर्नेछ । समितिले समुदायमा स्वास्थ्यको महत्वको बारेमा जनचेतना जगाउने तथा हात धुने, थापेर ल्याएको पानीको सुरक्षित किसिमले चलन गर्ने र पानी शुद्धीकरण लगायत पानी सुरक्षा योजनामा उल्लेख भएका अन्य क्रियाकलापहरु सञ्चालनको प्रवद्र्धन गर्नेछ ।

२८.समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा आवश्यक सहयोगका लागि मर्मत सम्भार कार्यकर्ता छनौट गरी तालिमको व्यवस्था मिलाउनेछ । मर्मत सम्भार कार्यकर्ता छनौट गर्दा त्यसका आभारहरु तथा प्रक्रियाको बारेमा समुदायलाई जानकारी गराउनेछ र आवश्यकता अनुसार त्यसमा संशोधन गर्नेछ ।

क. मर्मत सम्भार कार्यकर्ता छनौट गर्ने आधारहरु निम्नानुसार तय गरिएकोछ ।

१. स्थानीय तथा उपभोक्ता घरधुरी भित्रको

२. १८ वर्ष पूरा भई ६० वर्ष उमेर ननाघेको

३. महिला तथा पिछडिएको वर्गलाई प्राथमिकता

४. सामाजिक सेवाको भावना भएको

५. गाउँपालिका बाहिर काममा जाने योजना नभएको

६. ........................................................................................

७. ..........................................................................................

ख. छनौट प्रक्रिया

१. समितिले इच्छुक व्यक्तिको सूची तयार गरी अन्तरवार्ता लिई योग्य व्यक्तिलाई अनुमोदनको लागि आमभेलामा पेस गर्नेछ ।

२. छनोट भएको व्यक्तिको काम गर्ने सम्बन्धी लिखित प्रतिबद्धता लिइनेछ।
३. तालिमको व्यवस्था समितिले मिलाउनेछ।
४. समितिले सेवाका शर्तहरु तथा पारिश्रमिक समेत उल्लेख गरी नियुक्ति पत्र दिएरमात्र मर्मत सम्भार कार्यकर्तालाई काममा लगाउनेछ।

२९. मर्मत सम्भार कार्यकर्ताको मासिक/वार्षिक पारिश्रमिक रु ......... (अक्षेरेपी .................... ) वा समितिले निर्णय गरेबमोजिम हुनेछ। मर्मत सम्भार कार्यकर्ताको पारिश्रमिक समितिले मात्र भुक्तानी गर्नेछ।

३०. योजना सञ्चालन तथा मर्मत सम्भारमा मर्मत सम्भार कार्यकर्ताको भूमिका र जिम्मेवारी निम्नानुसार हुनेछ।

क. समितिको बैठकमा नियमित रुपमा भाग लिई योजनाको अवस्था बारे जानकारी दिने ,
ख. योजनाका सामग्री तथा औजारहरुको उचित प्रयोग र सम्भार गर्ने,
ग. योजनाको मुहानदेखि धारासम्म नियमित रुपमा निरीक्षण गर्ने,
घ. योजनाको सञ्चालन अवस्था अनुगमनमा नियमित रुपमा सहभागी हुने,
ङ. ट्याङ्कीहरुमा भएका भल्भ र फिटिङ्गहरुको नियमित निरीक्षण गर्ने,
च. साना तिना मर्मत कार्य गर्ने र ठूलो मर्मत गर्नुपर्ने भएमा उपभोक्ताहरुको तथा अन्य वाह्य प्राविधिकहरुको सहयोग समिति मार्फत माग गरी सम्पन्न गर्ने,
छ. योजनाका सबै अङ्गहरुको नियमित सरसफाई गर्ने,
ज. महिला धारा समूहहरुलाई आवश्यक सहयोग गर्ने,
झ. योजनाको मर्मत सम्भारका लागि समुदायका मानिसहरुलाई उत्प्रेरित गर्ने,
ञ. मुहान वरिपरीको रुख बिरुवाको संरक्षण र बृक्षरोपणका लागि समिति र गाउँलेहरुलाई उत्प्रेरित गर्ने,
ट. मर्मत सम्भार कार्य योजना अनुसार आफ्नो जिम्मेवारी पूर्ण रुपमा निर्वाह गर्ने र समुदायका सदस्यहरुलाई गर्न उत्प्रेरित गर्ने,
ठ. शौचालय निर्माण गर्न, प्रयोग गर्न र सम्भारका लागि सहयोग गर्न गाउँलेहरुलाई सचेत गराउने,
ड. खासगरी वर्षा याममा मुहानको रेखदेख र सरसफाई बढी गर्ने,
ढ. योजनाको आत्मनिर्भर र दिगो सञ्चालनका लागि समितिको सल्लाह बमोजिम आवश्यक अन्य कार्यहरु गर्ने,
ण. समितिको परामर्शमा "पानी सुरक्षा योजना" कार्यन्वयन गर्नमा अगुवाई गर्ने,
त. धाराबाट खेर गएको पानीलाई करेसाबारीमा उपयोग गर्न समुदायलाई सल्लाह दिने।

३१. समितिले सार्वजनिक धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा समितिले पानी सुल्क वापत प्रति घर रु.........मासिक रुपमा उठाउनेछ।

३२. निजी धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा मिटर जडान गर्नुपर्नेछ। सो प्रकारको योजनामा कम्तिमा निम्नानुसार पानी शुल्क लाग्नेछ।

क. ५ युनिट (५,००० हजार लिटर) सम्मको रु..........
ख. ५ युनिटभन्दा माथि प्रति युनिटको पानी शुल्क निम्नानुसार लाग्नेछ

- ६ युनिटदेखि १० युनिटसम्म प्रति युनिट रु...................
- युनिटदेखि १५ युनिटसम्म प्रति युनिट रु...................
- १६ युनिटदेखि २० युनिटसम्म प्रति युनिट रु...................
- २१ युनिटदेखि २५ युनिटसम्म प्रति युनिट रु...................
- २५ युनिटभन्दा माथि प्रति युनिट रु...........................

ग. वडा तथा गाउँपालिकाले दफा ३२ को ‘क’ र ‘ख’ मा उल्लेखित पानी शुल्क दरमा फरक निर्धारण गरेमा सोही बमोजिम हुनेछ।

घ. निजी धारा प्रणालीमा सार्वजनिक धारा भएमा पनि मिटर जडान अनिवार्य हुनेछ।

ङ. प्रत्येक उपभोक्ताहरुको लागि समितिले पानी महसुल कार्डको व्यवस्था गर्नेछ। शुरुमा पानी महसुल कार्ड लिनको लागि उपभोक्तहरुले रु ५० तिर्नु पर्नेछ र हराएमा पनि नयाँ कार्ड लिन रु ५० नै तिर्नु पर्नेछ।

३३. उपभोक्ताहरुले पानी शुल्क वापतको रकम हरेक महिनाको ........गते (अर्को महिनाको पहिलो हप्ताभित्र) भित्र जम्मा गर्ने छन्। उक्त मिति भित्र पानी शुल्क नबुझाउनेलाई प्रति महिना रु.......का दरले विलम्ब शुल्क लाग्नेछ।

३४. उठेको पानी शुल्कको .......% प्रत्येक उपभोक्ता समितिले गाउँपालिकाको नर्म अनुसार निर्धारण गरे बमोजिम तोकिएको मर्मत कोषका लागि रकम जम्मा गर्नुपर्नेछ।

३५. समितिले मर्मत सम्भार कोष बृद्धिका लागि सहकारीमा आबद्ध भई खाता खोल्नेछ। समितिले योजनाको नियमित तथा आपतकालीन मर्मत कार्यको लागि न्यूनतम रु. ........... सहकारीमा मौज्दात राख्ने गरी बाँकी सबै पूँजी सहकारी मार्फत नियमानुसारको ब्याजदरमा लगानी गर्नेछ।

३६. मर्मत सम्भार कोषको अभिबृद्धि गर्नको लागि समितिले विभिन्न अवसरहरुमा देउसी, भैलो, होली, देउडा, सांस्कृतिक कार्यक्रम लगायतका रचनात्मक क्रियाकलापहरुको आयोजना गरेर सकम संकलन गर्नेछ। समितिले योजनामा रहेका औजारहरु भाडामा दिएर तथा योजनामा अध्ययन भ्रमणको लागि आउने टोलीहरुबाट तोकिएको भ्रमण शुल्क लिएर समेत मर्मत सम्भार कोषमा जम्मा गर्न सक्नेछ। साथै पानी शुल्क भुक्तानी कार्ड उपभोक्ताहरुलाई बिक्री तथा पुनर्बिक्री, उपभोक्ताहरुबाट संकलित दण्ड जरिवाना, हर्जना आदि वापतको प्राप्त रकम पनि मर्मत सम्भार कोषको आम्दानी हुनेछ। समितिले प्राप्त गर्ने पुरस्कार तथा अनुदान पनि योजनाको मर्मत सम्भार कोषको आम्दानी हुनेछ।

३७. समितिमा रहेको कोषले नपुग्ने गरी ठूलो खालको मर्मत गर्नु परेको खण्डमा आमभेलाले निर्णय गरे बमोजिम लाभान्वित घरसङ्ख्याको आधारमा समानुपातिक रुपमा योजनाको मर्मतको लागि योगदान गर्नेछन्।

३८. समितिले गाउँपालिका स्तरीय योजना सञ्चालन तथा मर्मत सम्भार कोष स्थापनाको लागि गाउँपालिकाको योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका अनुसार आवश्यक कार्य गर्नेछ।

३९. माथि दफाहरुमा जुन सुकै कुरा लेखिएको भएता पनि योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गाउँपालिकाको योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका बमोजिम हुनेछ।

## परिच्छेद ४

## सेवा सुधार तथा विस्तार

४०. समिति योजनाको प्राविधिक सीमितताको बारेमा सचेत रहेकोछ। योजनामा थप धाराहरु जडान भएमा तथा उल्लेख्य संख्यामा उपभोक्ताहरु थपिन गएमा योजनाले लक्ष्य अनुसार सेवा प्रदान गर्न नसक्ने कुरालाई ध्यानमा राखी समितिले योजनामा डिजाइन भै निर्माण भएको धारा वाहेक नयाँ धारा थप गर्ने छैन साथै कुनैपनि अवस्थामा सार्वजनिक धारा व्यवस्थापन भएको योजनाबाट निजी धारा जडान गर्नेछैन।

४१. नयाँ बसाइ सरी आउने वा पहिला योजनामा सहभागी नभई निर्माण सम्पन्न भएपछि सेवा प्रप्त गर्न चाहने घरहरुको लागि समितिले रु......... लिई सार्वजनिक धाराबाट पानी उपभोग गर्न अनुमति दिन सक्नेछ।

४२. दफा ४० मा जेसुकै उल्लेख गरिएको भएपनि योजनाको सुविधा स्तर बृद्धिको लागि सार्वजनिक धारा प्रणालीलाई निजी धारा प्रणालीमा स्तरोन्नति गर्न प्राविधिक तथा सामाजिक दृष्टिकोणबाट उपयुक्त ठहरिएमा गाउँपालिकालाई आवश्यक सहयोगको लागि समितिले अनुरोध गर्न सक्नेछ।